## मिति २०८१/०३/०५ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १**

यस उप-महानगरपालिकाको आ.व. २०८१/०८२ का लागि श्रीमान नगर प्रमुख ज्युबाट प्रस्तुत हुने नीति तथा कार्यक्रमहरु स्वीकृतीका लागि नेपालगञ्ज उप-महानगरपालिका नगरसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार यस नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८१/०८२ का लागि श्रीमान नगर उप-प्रमुख ज्युबाट प्रस्तुत हुने राजश्व र व्ययको अनुमान स्वीकृतीका लागि नेपालगञ्ज उप-महानगरपालिका नगरसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक विधेयक २०८१, विनियोजन विधेयक, २०८१ र आन्तरिक आय व्यवस्थापन तथा नियमन विधेयक, २०८१ स्वीकृतीका लागि नेपालगञ्ज उप-महानगरपालिका नगरसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस नेपालगञ्ज उप-महानगरपालिका नगरकार्यपालिको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट पेश भए बमोजिमका आ.व. २०८१/०८२ को बजेट, योजना तथा कार्यक्रमहरु स्वीकृतीका लागि नेपालगञ्ज उप-महानगरपालिका नगरसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नेपालगञ्ज उप-महानगरपालिका नगरकार्यपालिको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट पेश भए बमोजिमका चालु आ.व. २०८०/०८१ को बजेट, योजना तथा कार्यक्रमहरुमा रकमान्तर तथा श्रोतान्तर स्वीकृतीका लागि नेपालगञ्ज उप-महानगरपालिका नगरसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नेपालगञ्ज उप-महानगरपालिका वडा नं.१ मा House Numbering को लागि आवश्यक पर्ने सडकको नामाकरणका लागि वडा नं.१ कार्यालय, नेपालगञ्ज, बाँकेमा पत्राचार गर्ने र वडा कार्यालयबाट प्राप्त हुने सडक नामाकरणका आधारमा House Numbering को लागि प्लेट छपान कार्य अगाडि बढाउने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८१/०३/०५ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

### निर्णय नं. ७

यस नेपालगञ्ज उप-महानगरपालिकाको चालु आ. व. २०८०/०८१ मा स्वीकृत बार्षिक कार्यक्रम CoolingCentre निर्माण गर्ने कार्य ठेक्का नं. NSMC/SQ/W06/080/81 का लागी श्री लक्ष्मी निर्माण सेवा, चन्दननाथ-०४,जुम्ला सँग सम्झौता मिति २०८१।०१।१३ गते भइ सम्झौता अवधि २०८१।०३।१० सम्म रहेको निर्माण कार्यको कार्यान्वयनको चरणमा मिति २०८०/१२/१९ गतेको तातो हावाको लहर(लु) जोखिम व्यवस्थापन कार्यक्रम सम्बन्धको समन्वय बैठकको निर्णय संख्या नं.१(ग) बमोजिम छानामा जस्ता पाताको सट्टा सम्भव भएसम्म अन्य उपयुक्त प्रबिधियुक्त सामाग्री (Insulated Materials) को प्रयोगको लागि पहल गर्ने निर्णय भए बमोजिम BOQ मा जस्ताको छाना हटाई Insulated Martial भएको छाना प्रयोग गरी निर्माण गर्न BOQ मा नयाँ आइटम समावेश गरेर भेरिएसन गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

### निर्णय नं. ८

NSMC/NCB/W15/080/81, Construction & Maintenance of Public Toilet at Nepalgunj Sub-Metropolitan City, ward no 02 and 12. नगरपालिकामा रहेका सार्बजनिक शौचालयहरुको निर्माण, मर्मत तथा स्तरोन्तनि कार्यक्रम ठेक्काको यस नेपालगञ्ज उप-महानगरपालिका र चक्रआरती निर्माण सेवा बिच सम्झौता मिति २०८१।१।२३ गते भई सम्झौता अवधि २०८१।०३।०५ सम्म रहेकोमा नगरकार्यपालिका कार्यालयको उत्तर तर्फको शौचालय मर्मत र वडा नं. २ स्थित बागेश्वरी मन्दिरको पूर्व तर्फ रहेको निर्माणाधिन रेष्टुरेन्टमा बन्न प्रस्ताव भएको शौचालय निर्माणको कार्यान्वयनका चरणमा वडा नं. २ का स्थानीयबासी बाट अवरोध भएको र उच्च अदालत तुल्सिपुर नेपालगञ्ज ईजालसको मिति २०८१।०२।२० गते रिट निवेदकले माग गरेको अन्तरिम आदेशको सम्वन्धमा साविक नापी अनुसारको ब्लक कि. नं. ८० मध्येको हाल नयाँ नापीको ब्लक कि. नं. ३ मा कुनै प्रकारको निर्माण कार्य नगर्नु नगराउनु भनी उच्च अदालतबाट आदेश जारी भएकोमा हाल सम्म मुद्दाको किनारा नभएको हुँदा ठेक्का सम्झौता बमोजिम वडा नं. १२ स्थित नगरकार्यपालिका कार्यालयको उत्तर तर्फको शौचालय मर्मत गर्दाको प्राविधिक बिल बमोजिमको रकम भुक्तानी गरी सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्ने निर्णय गरियो ।

### निर्णय नं. ०९

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गतका वडाहरुमा कार्यरत महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई गत विगत आ.व. देखि ६० (साठी) बर्ष पुरा भएपछि अनिवार्य अबकाश हुँदा सम्मान तथा प्रोत्साहन वापत प्रति महिला स्वास्थ्य स्वंयमसेविका रु.५००००.०० (पचास हजार मात्र) प्रदान गर्दै आईरहेको हुँदा सो कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



CamScanner

मिति २०८१/०३/०५ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. १०

यस आ.व. २०८०/०८१ मा संघीय सरकारबाट शशर्त अनुदान अन्तर्गत नवीकरणीय उर्जा प्रवधि जडान (वायोग्याँस/विद्युत्तिय चुलो/ सुधारिएको चुलो/सौर्य उर्जा) शिर्षकमा रू.८००,०००/- (आठ लाख मात्र) प्राप्त बजेट भएकोमा सो बजेट तपसिल बमोजिमको कार्यको लागि विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | कार्यको विवरण | स्थानहरु | रकम (रू.) | कैफियत |
|---|---|---|---|---|
| १. | सौर्य उर्जा प्रविधि जडान कार्य | क) वडा नं.१ : गायत्री मन्दिर<br>ख) वडा नं.१८ : पन्चमुखी बालाजी मन्दिर<br>ग) वडा नं.७ : शिवमन्दिर नजिक (स्वास्थ्य केन्द्र परिसर भित्र)<br>घ) वडा नं.१५ : जमुनहा कव्रस्थान<br>ङ) वडा नं.१६ : जयसपुर-मदिन मस्जीद<br>च) वडा नं.१७ : राम जानकी मन्दिर | ८००,०००/- | |

निर्णय नं. ११

नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी), नेपालको मिति २०८१/०२/११ गतेको पत्रानुसार सो पार्टीको दशौं राष्ट्रिय महाधिवेशन सञ्चालन गर्न आर्थिक सहयोग माग भएको हुँदा सोको लागि जम्मा रु.५००००.०० (पचास हजार मात्र) आ.व. २०८०/०८१ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी), नेपाललाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२

यस नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम खानेपानीका लागि नल्का खरिद तथा वितरण कार्यक्रम अन्तर्गतको नल्का खरिद गरी गरिब तथा विपन्न वर्गका समुदायका व्यक्तिहरुलाई वितरण तथा सार्वजनिक स्थानहरुमा जडान गर्ने गरी खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशिकरण परिक्षण सम्बन्धमा छलफल गर्दा लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशिकरण मूल प्रवाहिकरण समितिको सिफारिस अनुसार आ.व. २०७९/०८० मा ६०.५ अङ्क प्राप्त गरेको हुँदा सो परिक्षणलाई अनुमोदन गर्ने निर्णय गरियो ।



ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८१/०३/०५ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. १४

यस उप-महानगरपालिका वडा नं. ८ को चारबाहिनी देखि त्रिभुवन चोकको मुल सडकको पूर्व तर्फ जिर्ण अवस्थामा रहेको नगर भवन भत्काई उक्त खाली स्थानमा **नगर भवन कमर्सियल कम्पलेक्स फायर फाईटर ग्यारेज कन्सट्रक्सन वडा नं. ८(NSMC/NCB/W01/078/79)** निर्माण कार्यको लागि ठेक्का सूचना प्रकाशन भई मिति २०७९/०३/१५ गते भित्र निर्माण कार्य सम्पन्न गरिसक्ने गरी मिति २०७८/०८/२१ गते श्री आत्रेय पुर्णचन्द्र जे.भि र नेपालगञ्ज उप-महानगरपालिका बिच सम्झौता भएको देखिन्छ ।यस परियोजनाको निर्माण कम्पनी श्री आत्रेय पुर्णचन्द्र जे.भि.ले सम्झौता अनुसार कार्यसम्पन्न गर्नुपर्नेमा सो नगरी मिति २०७९/०२/२० गते म्याद थपको लागि निवेदन दिई कार्यालयबाट मिति २०८०/०२/३० गते सम्म म्याद थप भएकोमा उक्त अवधिपछि म्याद थप नभएको र कार्यसम्पन्न पनि नभएको अवस्थामा उक्त निर्माण व्यवसायीबाट मिति २०८१।०३।०७ मा म्याद थपको लागि निवेदन दिएकोमा कार्यालयको मिति २०८०।१२।१५ गते साईटमा हाल कार्य प्रगति राम्रो रहेको समेत सम्बन्धित प्राविधिकको प्रतिवेदन बमोजिम आर्थिक बर्ष भित्रै कार्यसम्पन्न फरफारक हुनसक्ने प्रतिवेदन समेतका आधार बमोजिम बर्तमान कानूनी व्यवस्था र योजना सम्पन्न गर्ने कार्यालयको दायित्व र नगरसभाबाट विनियोजन भएको आर्थिक बर्षको बजेटबाट नै कार्यान्वयन हुनसक्ने कुरालाई मध्यनजर गरी सार्बजनिक खरिद नियमाली, २०६४ को नियम १२१ (क) तथा नेपालगञ्ज उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३० (क) बमोजिम आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले नगरपालिकालाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था बमोजिम निज निर्माण व्यवसायीलाई मिति २०८१ साल असार १५ गते भित्रमा यस आर्थिक बर्षको बजेटबाट नै फरफारक गर्ने गरी म्याद सकिएको अवधिबाटै पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी ठेक्काको टुङ्गो लगाएकोमा सम्बन्धित निर्माण व्यवसायीले उक्त समयमा कार्यसम्पन्न गरी फरफारक गर्न नसकि पूनः म्याद थप गरिदिन भनि पत्राचार भएको शन्दर्भमा छलफल हुँदा उक्त योजना हाल कार्यालयको निर्णयानुसार टुङ्गो लगाई निर्माण व्यवसयीलाई कानूनी कारवाही गर्दा उक्त योजना अलपत्र पर्न सक्ने,कानूनी झमेलामा परि लामो समय लाग्न गई परियोजना सफल हुननसक्ने, सञ्चालन सुनिश्चित नभई अलपत्र भै थप साधन,स्रोत र समयको खर्च हुनसक्ने, हालसम्म भएको खर्चको प्रदेश सरकारको अनुदान र नेपालगञ्ज उप-महानगरपालिकाको बजेटको मौद्रिक मुल्य हासिल नहुने, सो योजना तुरुन्त सम्पन्न गराई सटरहरु भाडामा लगाउदा आन्तरिक आयमा समेत बृद्धि हुने भएकाले कार्यालयको निर्णय बमोजिमको हर्जना कट्टि गरी यस आर्थिक बर्षको अन्तिम सम्म पेश भै आउने बिलको भुक्तानी गर्ने र बचत रकमको हकमा आगामी आर्थिक बर्ष २०८१।०८२ का लागि नगरसभाबाट बजेट बिनियोजनका लागि सभामा पेश गर्ने र प्राविधिकको सिफारिस बमोजिम अन्तिम पटकका लागि मिति २०८१।०५।३१ सम्म समय दिई कार्यसम्पन्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

मिति २०८१/०३/०५ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. १५

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१५ बमोजिम यस नेपालगञ्ज उप-महानगरपालिका (साविक नगरपालिका) को मिति २०६७/०३/३२ गतेको १८ औं नगरपरिषदबाट निर्णय भई योग्यता पुरा भएका कर्मचारीहरुको बढुवा गरिएको सम्बन्धमा प्रकृया पुरा नगरी गरेको बढुवा नियुक्ती नियम संगत भन्न नसकिने र बढुवा भएका कर्मचारीहरुको बढुवा नियुक्ती बदर गर्ने भनी नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (सचिवस्तर) को मिति २०७३/१२/१० को निर्णयानुसार कार्यान्वयनको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. ३२१८, मिति २०७३/१२/१० को प्राप्त पत्रका सम्बन्धमा सम्मानित सर्वोच्च अदालत समक्ष मन्त्रालयको उक्त निर्णय बदर गरी १८ औं नगरपरिषद्को बढुवा सम्बन्धि निर्णय कार्यान्वयन गरी पाउँ भनि दायर भएको रिट निवेदन माथी सुनुवाई भई सम्मानित अदालतबाट मन्त्रालयको मिति २०७३/१२/१० को निर्णय र सो निर्णयको आधारमा भएको पत्राचार एवं कामकारबाही समेत बदर भएको परमादेशको आदेश भए बमोजिम नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०७५/०२/२२ गतेको निर्णय समेतका आधारमा तत्कालिन समयमा यस कार्यालयमा सह-लेखापाल पदमा कार्यरत श्री अच्युत आचार्य र खरिदार पदमा कार्यरत श्री सतीशमान श्रेष्ठलाई बढुवा भएको तहमा कायम गरिएको र उक्त समयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग मध्यपश्चिम क्षेत्रीय कार्यालय, सुर्खेत सम्पर्क कार्यालय कोहलपुर, बाँकेको पत्रबमोजिम यस नेपालगञ्ज उप-महानगरपालिको मिति २०७२/०९/२७ गतेको पत्रानुसार मिति २०७२/०९/२६ गते देखि लागू हुने गरी निलम्बन हुनु भएका ईन्जिनियर श्री श्याम काजी पिया सम्मानित सर्वोच्च अदालतको मिति २०८०/१२/१२ गतेको फैसला अनुसार सफाई पाई मिति २०८१/०२/०७ गते देखि यस कार्यालयमा हाजिर भई कामकाज गर्दै आईरहेकोले निजलाई समेत मिति २०६७/०३/३२ गतेको १८ औं नगरपरिषदबाट बढुवा सम्बन्धि भएको निर्णय बमोजिम बढुवा कायम तथा सोका आधारमा समायोजन र पदस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

यस नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ०८ मा सञ्चालित मंगल प्रसाद महिला कलेजलाई आ.व. २०८०/०८१ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम छात्रा कलेजलाई अनुदान अन्तर्गतको रकम सोही कलेजका नाममा निकासा दिने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



CamScanner

## मिति २०८१/०३/०५ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १७**

यस नेपालगञ्ज उप-महानगरपालिकाद्वारा सञ्चालनमा रहेको ठेक्का नं. NSMC/NCB/W05/079-80, Reconstruction of Junge Mahadev Temple at Bageshwori Pond कार्यको मिति २०८०/१२/०१ गते सम्म कार्यसम्पन्न गर्नुपर्ने अवधि रहेकोमा पूर्वानुमान गरेको भन्दा बागेश्वरी तालको अवस्था फरक हुन गई निर्माण व्यवसायीद्वारा समयमै कार्य सम्पन्न गर्न नसकेको हुँदा निर्माण व्यवसायी श्री ग्रेटर नेपाल कन्सट्रक्सन, नेपालगञ्ज -१९ बाँकेले मिति २०८०/११/०८ गतेको पत्र मार्फत ९(नौ) महिना म्याद थपको लागि अनुरोध गरेकोले सो कार्यको अवधि मिति २०८०/१२/०१ गतेदेखि लागू हुने गरी मिति २०८१ पुस ०१ गतेसम्म म्याद थप निजको अग्रिम भुक्तानी जमानत र कार्यसम्पादन जमानत कानून बमोजिमको अवधि थप गरी पेश भई आएमा म्याद थप गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका



CS CamScanner